# धनिरामको भतेर

दुई मान्छे अग्लो पर्खाल भित्र बसेर
खुशियालि मनायो धनिरामले
हुक्के लोटे चम्चा लाइ
सुपारी पठायो धनिरामले
भतेर पकायो धनिरामले
खँडकुलो खँडकुलो भरि
मसिनो चामल र छियास मिस
मिलाएर खिचडी बनायो धनिरामले
भाकल पुरा भनि मनकामना लाइ
बोका चढायो धनिरामले
अनि गर्वका साथ
नयाँ छोरी ज्वाँइ लाइ टिको लगायो
धनिरामले
पर्खाल बाहिर पटका
कति ठहरै
पर्खाल भित्र भने
आतस बाजि गरायो धनिरामले
नङ दारा झरेर
कुना पसेको बेला
हात दारा मा लागेको कटकट
काशिको पानिले धुँदै
राम राम भनि
बैष्णव भँइ भनि ऐलान गरि रहेको वेला
खाशखुश   गरेकै भरमै
सुलसुले कै भरमै
कालो जादु जस्तै
सटट एकैचोटि
यो पर्खाल भित्र फेरि
आँफै लाइ पाँउदा
भुँइमा खटटा टेकेन धनिरामले
आँफै लाइ धन्य ठान्यो धनिरामले

छतमा बसेर
पर्खाल बाहिर को वलि
नरवलि मा आनन्द   लिँदै
रमाएर
अझै हवनमा चरु थप्यो धनिरामले
निभ्न लागेको अग्नि रँक्काएर
राँक्किएको अग्नि मा
आँफैलाइ तपाएर
जय अग्नि भन्दै
भस्म बाट अर्को कालोटिका लगायो
धनिरामले

बाहिर गडयाड गडड को बीच
खिचडी चपाँउदै
बैष्णव को तीन धर्के टिको पुच्छदै
रगति   र कचिला चपायो धनिरामले
अनि
जम्मा भएका भुराभुरी लाइ
रगत लतपतिएको अउँला ठडयाँउदै
हम फुलेल भएर फुर्ति लगायो धनिरामले
केहि बनुँला भन्ने थिएन ।

कपिल अधिकारी
**Jan30,2004**
**Taipei, Taiwan**